# कमलामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### सिन्धुलीमाडी, सिन्धुली
## पुनः सिलबन्दी दरभाउपत्र आव्हान सम्वन्धि सूचना
### (दोस्रो पटक सूचना प्रकाशित मिति :- २०७४/१०/१५)

**यस कमलामाई नगरपालिकाबाट तपसिल अनुसारको सवारी साधनको मर्मत कार्य गराउनुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त सवारी साधन मर्मत सम्बन्धी अनुमति प्राप्त फर्म/संस्थाबाट निम्न सर्तहरूको अधिनमा रही सिलबन्दी दरभाउपत्रआह्वान गरिएको छ ।**

१. सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र यस कार्यालयमा पछि फिर्ता नहुने गरी तपसिलमा उल्लेख भए अनुसारको दस्तुर बुझाई लिखित निवेदनका साथ आ.व. ०७४/०७५ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. ०७३/०७४ सम्मको कर चुक्ता प्रमाणपत्रहरू (नगरपालिकाको नियमानुसारको ब्यवसाय कर समेत) का प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समयभित्र यस कार्यालयबाट सम्बन्धित फर्म वा अधिकार प्राप्त प्रतिनिधिले दरभाउपत्र खरिद गर्न सक्नेछ ।

२. खरिद भएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरू प्रष्टसंग भरी प्रत्येक पानामा सहीछाप गरी सिलबन्दि गरी खाम बाहिर फर्मको नाम र दरभाउपत्र नं. प्रस्टसंग लेखी दरभाउपत्र खरिद गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । यसरी दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाता र सरकारी कार्यालयका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरू उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र सर्त रहित हुनुको साथै दररेट महलमा अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

४. दरभाउपत्रसाथ जमानतवापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक सिन्धुलीस्थित धरौटी खाता ***ग ३-१ धरौटी क.न.पा. (१०६०३०३००७१०२)*** मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा घटिमा दरभाउपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको बिडवण्ड अनिवार्य रूपले पेश गर्नु पर्ने छ । नगद जमानत (ठेक्का स्वीकृत हुनेमा) पछि बैंक ग्यारेण्टीमा परिवर्तन गर्न पाइने छैन ।

५. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेको खण्डमा उक्त कार्यहरू क्रमशः कार्यालय खुलेको दिन सोही समय अनुसार गरिनेछ ।

६. म्याद भित्र दर्ता नभएका तथा रीत नपुगेका दरभाउपत्रहरू उपर कुनै कारवाही हुनेछैन ।

७. नेपाल सरकार तथा यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, अस्वीकृत गर्ने तथा आंशिक स्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. प्रस्तावित कार्यको लागि आवश्यक पर्ने अनुभव खुल्ने कागजात दरभाउपत्र साथ संलग्न राखि पेश गर्नुपर्नेछ ।

९. यस सूचनामा केही संशोधन गर्नुपरेमा कार्यालयको सूचनापाटीमा टाँस गरिनेछ । दरभाउपत्र सम्बन्धी थप जानकारी चाहिएमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मबाट दाखिला गर्न पाइनेछैन ।

११. दरभाउपत्र दररेट उल्लेख गर्दा मूल्य अभिवृद्धि करबाहेकको मूल्य उल्लेख गर्नुपर्नेछ ।

१२. दरभाउपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी दरभाउपत्र भरेको मानिने छ ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावलि २०६४ तथा प्रचलित ऐन नियम कानूनमा ब्यवस्था भए अनुसार हुनेछ ।

| क्र.सं. | दरभाउपत्रनं. | कामको विवरण | लागत इस्टीमेट (मू.अ. कर र कन्टिन्जेन्सि बाहेक) रू. | बोलपत्र दस्तुर रू. | दरभाउपत्रवापत जमानत रकम रू. | दरभाउपत्रखरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १. | ०५।०७४।०७५ | Mahindra Scorpio (S4+4WD BS4) गाडी मर्मत, कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुली । | **७,४१,१९२।६८** | **१,०००।-** | **२१,०००।-** | दोश्रो पटक सूचना प्रकाशित मितिबाट ७ दिनभित्र |

प्रमुख प्रशासकिय अधिकृत